Mayor's Office of Immigrant Affairs

# अध्यागमन अदालत 101

Nepali | नेपाली

**अध्यागमन अदालतमा**, तपाईंसँग अध्यागमन न्यायाधीश समक्ष आफ्नो मुद्दाको प्रतिरक्षा गर्ने र तपाईंलाई संयुक्त राज्य अमेरिकामा किन बस्न दिइनुपर्छ भन्ने कुरा देखाउने अवसर हुनेछ। तपाईंले अध्यागमन अदालतमा आफ्नो मुद्दा हार्नुभयो भने तपाईंले पुनरावेदन (appeal) दर्ता गर्न सक्नुहुन्छ।

**तपाईंलाई देश निकाला (deported) गरिन सक्छ, यदि:**

- तपाईंले अध्यागमन अदालतमा मुद्दा हार्नुभयो र पुनरावेदन गर्नुभएन भने,
- तपाईंले पुनरावेदन गर्नुभयो र हार्नुभयो भने।

## अध्यागमन अदालतमा को-को हुनेछन्?



- त्यहाँ एक जना **अध्यागमन न्यायाधीश** हुनेछन् जसले तपाईंलाई संयुक्त राज्य अमेरिकामा बस्न अनुमति दिने वा नदिने निर्णय गर्नेछन्।
- त्यहाँ सरकारको लागि काम गर्ने **एक जना कानुन व्यवसायी** हुनेछन्। उनीहरूको काम संयुक्त राज्य अमेरिका सरकारको प्रतिनिधित्व गर्नु हो। उनीहरूले तपाईंका लागि काम गर्दैनन्।
- **तपाईंसँग कानुन व्यवसायी हुनुहुन्छ भने**, उहाँलाई सधैं तपाईंसँग अदालतको कोठामा बस्ने र तपाईंलाई फोन गर्ने तथा भेट्ने अनुमति हुन्छ।

**याद राख्नुहोस्: सरकारले तपाईंलाई कानुन व्यवसायी उपलब्ध गराउने छैन तर तपाईंले अदालतमा आफ्नो प्रतिनिधित्व गर्नका लागि कानुन व्यवसायी नियुक्त गर्न सक्नुहुन्छ।**

## तपाईंको अध्यागमन अदालतको मिति जाँच गर्ने तरिका

- तपाईंको अदालतको मिति जाँच गर्न, तपाईंलाई आफ्नो A-नम्बर (A-number) आवश्यक पर्नेछ। (उदाहरण: A 000-000-000)। यो नम्बर सरकारले दिन्छ र अध्यागमन कागजातहरूमा देखिन्छ।
- स्वचालित मुद्दा जानकारी प्रणाली (Automated Case Information system) प्रयोग गरी आफ्नो सुनुवाइ सम्बन्धी जानकारी जाँच गर्नुहोस्। तल दुई तरिकाहरू दिइएका छन्:
    - हटलाइन 1-800-898-7180 मा फोन गर्नुहोस्। आफ्नो A-नम्बर प्रविष्ट गर्नुहोस् र अपरेटरबाट प्राप्त निर्देशनहरू पालना गर्नुहोस्।
    - वेबपेजमा जानुहोस्: https://acis.eoir.justice.gov/en/। सर्च बक्समा आफ्नो A-नम्बर टाइप गर्नुहोस् र "Enter" (प्रविष्ट गर्नुहोस्) मा क्लिक गर्नुहोस्।

Mayor's Office of Immigrant Affairs

# अध्यागमन अदालत 101

Nepali | नेपाली

## तपाईंको भौतिक उपस्थितिमा हुने सुनुवाइलाई भर्चुअल/टेलिफोनिक सुनुवाइमा परिवर्तन गर्ने तरिका

तपाईं अध्यागमन अदालतमा भौतिक रूपमा उपस्थित भई हुने सुनुवाइलाई अनलाइन वा टेलिफोनिक ढाँचामा परिवर्तन गर्न चाहनुहुन्छ भने तपाईंले अदालतमा औपचारिक निवेदन दर्ता गर्नुपर्छ। अर्को निर्धारित सुनुवाइको मिति भन्दा सकेसम्म चाँडो निवेदन पेश गर्नु महत्त्वपूर्ण छ। यसो गर्दा, तपाईंले **कानुन व्यवसायीसँग परामर्श लिन** याद राख्नुपर्छ।



- कानुनी सल्लाह कानुन व्यवसायीबाट आउनुपर्छ जसले आवश्यक कागजातहरू सही रूपमा तयार गर्न र दर्ता गर्न सहयोग गर्न सक्छन्।
- तपाईंले अदालतमा सुनुवाइको ढाँचा परिवर्तन गर्ने निवेदन (Motion to Change Hearing Format) दर्ता गर्नुपर्ने हुन्छ। अध्यागमन न्यायाधीशले निवेदनको समीक्षा गर्नेछन् र तपाईं वा तपाईंको कानुन व्यवसायीलाई निर्णयबारे जानकारी दिनेछन्।
- निवेदन स्वीकृत भएमा, सुनुवाइ अनलाइन हुनेछ; अस्वीकृत भएमा, सुनुवाइ भौतिक उपस्थितिमा नै हुनेछ।

## कानुनी प्रतिनिधित्व खोज्ने तरिका

हालैका महिनाहरूमा, अध्यागमन अदालतहरू भित्र अध्यागमन कार्यान्वयन गतिविधिहरू भएका रिपोर्टहरू आएका छन्। तपाईंलाई हिरासतमा लिइयो भने के गर्ने भन्नेबारे तपाईंले पहिले नै योजना बनाउन सक्नुहुन्छ। तपाईंसँग प्रश्नहरू छन् भने कानुन व्यवसायीसँग कुरा गर्नुहोस्।

**निःशुल्क र गोप्य अध्यागमन कानुनी सहायताको लागि आप्रवासी मामिला सम्बन्धी मेयरको कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA) को अध्यागमन कानुनी सहायता हटलाइनमा फोन गर्नुहोस्:**

**1-800-354-0365**

सोमबार - शुक्रबार, 9AM - 6PM सम्म    दोभासे सेवा उपलब्ध छ

प्रत्येक अध्यागमन अदालतसँग नजिकै रहेका निःशुल्क वा कम शुल्क लाग्ने अध्यागमन कानुनी सेवा प्रदायकहरूको सूची हुन्छ।

आफ्नो अदालत नजिकै रहेका निःशुल्क अध्यागमन कानुनी संस्थाहरूको सूची अग्रिम रूपमा हेर्न QR कोड स्क्यान गर्नुहोस् वा यो वेबसाइटमा जानुहोस्: www.justice.gov/eoir/list-pro-bono-legal-service-providers

**यो पर्चाले सामान्य जानकारी मात्र दिन्छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि कानुन व्यवसायीसँग परामर्श लिनुहोस्।**